# रामधुनी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
झुम्का, सुनसरी, कोशी प्रदेश, नेपाल

प.सं. २०८०/०८१
च.नं. : ९३८६

मिति: २०८०/११/०८

विषय : वैदेशीक रोजगारीबाट फर्किएका व्यक्तिको पुन: एकीकरण (ReMi) परियोजनाका लागि आवश्यक जनशक्ति करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना।

**(सूचना प्रकाशित मिति : २०८०/११/०९ गते)**

उपरोक्त विषयमा नेपाल सरकार र स्वीस सरकार बीचको द्विपक्षीय सम्झौता अन्तर्गत सञ्चालित बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको पुनः एकीकरण (ReMi) परियोजना यस रामधुनी नगरपालिकामा गत आ.व. २०७९/८० बाट सञ्चालनमा रहेको छ । वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूलाई स्वदेश भित्रै सामाजिक तथा आर्थिक रूपमा पुनर्स्थापित गराउने प्रमुख उद्देश्यका साथ स्वीस विकास सहयोग (SDC) को आर्थिक र Helvetas नेपालको प्राविधिक सहयोगमा सञ्चालित यो परियोजना सञ्चालनार्थ रीक्त रहेका तपसिल अनुसारका पदहरुमा करार सेवामा पदपूर्ति गर्नका लागि योग्य, अनुभवी र इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र माग बमोजिमका विवरण अनुसारको निवेदन पेश गर्न हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क. सं. | विज्ञापन नं. | पद | संख्या | योग्यता |
|---|---|---|---|---|
| १ | ०३/२०८०/८१ | **रोजगार परामर्शकर्ता** | १ जना<br>तह छैठौं | - मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह उत्तिर्ण गरेको<br>-व्यावसायिक परामर्श कार्य वा उद्यम विकास सहजकर्ता लेभल २ वा सो भन्दा माथिल्लो लेभल पुरा गरेको ।<br>- रोजगार प्रवर्द्धनको क्षेत्रमा कम्तिमा पनि १ वर्ष कार्य गरेको।<br>- वैदेशिक रोजगारीबाट फर्केको, स्थानीय भाषामा दखल भएको र स्थानीय वासिन्दालाई प्राथमिकता हुनेछ। |
| २ | ०४/२०८०/८१ | समाजिक परिचालक | १ जना<br>तह पाँचौं<br>(महिला) | - मान्यता प्राप्त शैक्षिक संस्थाबाट १०+२ उत्तिर्ण गरेको।<br>- वैदेशिक रोजगारीबाट फर्केको महिला हुनुपर्ने।<br>- स्थानीय भाषामा दखल भएको र स्थानीय वासिन्दालाई प्राथमिकता दिइनेछ।<br>- आप्रवासन तथा वैदेशिक रोजगारी सम्बन्धी सम्बन्धित संस्था/कार्यालयमा कम्तिमा १ वर्ष काम गरेको । |

नोट : माथि उल्लिखित सम्पूर्ण पदहरूमा दरखास्त दिनको लागि अनिवार्य रूपमा कम्तिमा आधारभूत कम्प्युटर तालिम लिएको हुनुपर्नेछ ।

१. **कार्य अवधि** : हाललाई आ. व. २०८०/०८१ को असार मसान्तसम्म हुनेछ र परियोजनाको आवश्यकता तथा कार्य सम्पादन अनुसार नविकरण हुन सक्नेछ ।

शाखा प्रमुख
रोजगार शाखा

प्रमुख प्रशासकीय अधिकृत
रामधुनी नगरपालिका

२. **परीक्षाको किसिम** : लिखित, प्रयोगात्मक र अन्तर्वार्ता । (छनौट परीक्षामा सुरक्षित वैदेशिक रोजगारी तथा सामाजिक तथा आर्थिक पुनःएकीकरण लगायतका विषयवस्तुहरु समावेश हुनेछन्) ।

३. **आवश्यक कगजातहरु** : माथि उल्लेखित योग्यता पुगेका इच्छुक नागरिकहरुले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, कम्तिमा पनि २ जना सन्दर्भ व्यक्तिको नाम र सम्पर्क फोन नम्बर सहितको व्यक्तिगत विवरण बायोडाटा तथा शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि, पासपोर्ट साईजको फोटो एक प्रति, रोजगार परामर्शकर्ताको हकमा उद्यम विकास सहजकर्ता लेभल २ उतिर्ण गरेको प्रमाणको साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई लिखित निवेदन सहित पेश गर्ने ।

४. **दरखास्त दिने स्थान**ः रामधुनी नगरपालिकाको कार्यालयमा कार्यालयको समय भित्र पेश गर्नुपर्नेछ । तोकिएको समय भन्दा पछी आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिनेछैन ।

५. **छनौट प्रक्रिया** : रीतपूर्वक पर्न आएका आवेदनहरुलाई चेकजाँच गरी परीक्षा समितिबाट स्वीकृत गरी लिखित परीक्षामा समावेश गराइनेछ र यसरी लिखित परीक्षाबाट उत्तिर्ण हुने परीक्षार्थीहरुलाई मात्र प्राथमीकरणको आधारमा कम्प्युटर प्रयोगात्मक परीक्षा र अन्तरर्वार्तामा समावेश गरिनेछ ।

६. **दरखास्त दिने अन्तिम मितिः** मिति २०८०/११/२३ गते कार्यालय समय भित्र बुझाउन सकिनेछ। आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिनेछ ।

७. **दरखास्त दिने उमेर हद** : रोजगार परामर्शकर्ता पद १(एक) तह छैठौंको लागि २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको र सामाजिक परिचालक सहायक स्तर पाँचौं पद-१ (एक) महिला तर्फको लागि १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

८. **दरखास्त दिने दस्तुर** : रोजगार परामर्शकर्ता पद १(एक) तह छैठौं को लागि रु.१०००/- एक हजार रुपैयाँ मात्र र सामाजिक परिचालक सहायक स्तर पाँचौं पद-१ (एक) महिला तर्फको लागि रु.५००/- पाँच सय रुपैयाँ मात्र ।

९. **ओवदन फारमः** उपरोक्त पदहरुको लागि आवेदन फारम रामधुनी नगरपालिकाको रोजगार शाखा/प्रशासन शाखा वा पालिकाको वेबसाइट https://ramdhunimun.gov.np/ बाट डाउनलोड गरी लिन सकिनेछ ।

१०. **तलब तथा अन्य सेवा सुविधा** : परियोजनाको नियम अनुसार हुनेछ।

शाखा प्रमुख
रोजगार शाखा

२०८०।११।८
प्रमुख प्रशासकीय अधिकृत
रामधुनी नगरपालिका